फोन नं.०८६-४२००५२
pmamp.piu.pyuthan@gmail.com
web:piupyuthan.pmamp.gov.np

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

## प्यूठान

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
प्यूठान

### धान तथा तरकारी जोन संचालन समन्वय समिति पुनर्गठन सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८२/०८/२३ गते ।)

यस कार्यक्रम कार्यान्वयन एकाइ अन्तर्गत प्यूठान जिल्लामा संचालित धान जोन र तरकारी जोन संचालन समन्वय समितिको कार्यकाल पूरा भई जोन/सुपरजोन संचालन समन्वय समिति पुनर्गठन गर्नुपर्ने भएकोले कार्यक्रम कार्यान्वयन एकाइमा सूचिकृत भएका र थप सूचिकृत हुन चाहने तपसिल जोन क्षेत्र भित्रका ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता समिति/कृषि उद्यमी आदिले उक्त प्रक्रियामा सहभागी हुन मिति २०८२/०९/०१ गते कार्यालय समयभित्र तपसिल अनुसारको प्रक्रिया पूरा गरि मिति २०८२/०९/०३ गते (समयः दिनको ११:०० बजे, स्थानः कार्यक्रम कार्यान्वयन एकाइ, प्यूठानको सभाहल) धान जोन र तरकारी जोन संचालन समन्वय समिति पुनर्गठन कार्यक्रममा सहभागी हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१। जोन क्षेत्र

- धान जोनः प्यूठान नगरपालिका (१,२,३,४,७,८,९ र १०), मल्लरानी गाउँपालिका (२,३,४ र ५), झिमरुक गाउँपालिका (४,५,६,७ र ८), ऐरावती गाउँपालिका (सबै वडाहरु) र माण्डवी गाउँपालिका (५) ।
- तरकारी जोनः प्यूठान नगरपालिका (सबै वडाहरु), मल्लरानी गाउँपालिका (२,३,४ र ५), ऐरावती गाउँपालिका (४,५ र ६), झिमरुक गाउँपालिका (३,४,५,६ र ७), माण्डवी गाउँपालिका (१,२,३ र ५) र स्वर्गद्वारी नगरपालिका (२,३,४,५,७ र ९) ।

२। प्रक्रिया एवं आवश्यक कागजातहरुः

- कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता समिति आदिबाट दुईजना सदस्य (कम्तीमा एक जना महिला अनिवार्य हुने गरि चयन गरिएको बैठकको निर्णय ।
- कृषि फर्म तथा कम्पनीबात प्रोप्राइटर वा जिम्मेवारी प्रदान गरिएको पत्र ।
- सम्बन्धित प्रतिनिधिको नागरिकताको प्रतिलिपि ।

३। थप सूचिकृत हुनका लागि आवश्यक कागजातहरुः

- सूचिकृतको लागि निवेदन ।
- कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता. समिति दर्ता/नविकरणको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर/कर चुक्ता प्रमाणपत्र प्रतिलिपि ।.
- कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता समितिको हकमा निर्णयको प्रतिलिपि ।
- कृषक समुह/कृषि सहकारी संस्था/उपभोक्ता समितिको अध्यक्ष वा निवेदकको नागरिकताको प्रतिलिपि ।
- कार्यक्रम कार्यान्वयन एकाइले तयार परेको रित पुर्वक भरेको फारम (web: piupyuthan.pmamp.gov.np बाट फारम डाउनलोड गर्न सकिनेछ) ।

थप जानकारीको लागि
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, प्यूठान ।

सम्पर्कको लागि
९८६७८२४९३१ (जयन्ती मल्ल, कृषि अधिकृत)
९८५७८६८०११ (बिपिन खड्का, ना.प्रा.स)
९८६७७७५४३२ (ममता थापा, ना.प्रा.स)

"आत्मनिर्भर अर्थतन्त्रको लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकरण"

चुमाज सिंह गिरी
कृषि अधिकृत

CamScanner